# साइबर संस्कृतिविषयक नेपाली समालोचनाको स्वरूप

**दीपकप्रसाद ढकाल**
उपप्राध्यापक, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर
इमेल : deepakdhakal973@gmail.com
DOI: https://doi.org/10.3126/prajna.v126i1.86308

**लेखसार**

*प्रस्तुत अनुसन्धानात्मक लेख साइबर संस्कृति र नेपाली समालोचनामा यसको स्वरूपमा केन्द्रित छ। सन् १९८० को दशकबाट आरम्भ भएको कम्प्युटरपछाडिको दिक्, इन्टरनेट सञ्जाल, मानव जीवनमा इन्टरनेट सञ्जालले पारेको प्रभाव तथा यसलाई साहित्य सिर्जनामा गरिएको रूपान्तरमा केन्द्रित भएर प्रस्तुत लेखमा सैद्धान्तिक तथा ऐतिहासिक पक्ष तयार गरिएको छ। साइबर संस्कृतिविषयक सैद्धान्तिक सामग्रीलाई प्राथमिक तथा नेपाली समालोचनामा यसको प्रयोगसम्बद्ध द्वितीयक सामग्रीलाई पुस्तकालय स्रोतको प्रयोग गरी विश्लेषण गरिएको छ। विश्लेषणका क्रममा गुणात्मक विधि प्रयोग गरिएको छ। नेपाली समालोचनाका साइबर संस्कृतिविषयक अध्ययनलाई तथ्यका रूपमा प्रयोग गरेर तिनमा प्रस्तुत गरिएको सैद्धान्तिक चिन्तनको प्रधानताका आधारमा वर्गीकरणसमेत गरिएकाले यसमा आगमनात्मक विधि अंशत प्रयोग भएको छ तर समग्रमा निगमनात्मक विधिकै अधिक प्रयोग गरिएको छ। साइबर संस्कृतिको ऐतिहासिक र सैद्धान्तिक प्रारूपका निम्ति नेपाली सहित्यका आख्यानविषयक समालोचनालाई विश्लेषणको आधार बनाइएको छ। नेपाली समालोचनामा साइबरविषयक अध्ययन आंशिक तथा पूर्ण सैद्धान्तिक गरी दुई धारबाट विकसित भएको देखिन्छ। विशेषत : अन्तरग्रहीय जैविक अस्तित्व, सञ्चार तथा अतिकाल्पनिक विषयवस्तु पनि साइबर संस्कृतिविषयक नेपाली समालोचनामा प्रयोग भएको छ। तिनमा वर्तमानमा उपलब्ध इन्टरनेट सञ्जाल र यसको विशिष्टताको विज्ञान सम्मत कुनै उल्लेख छैन। यसका विपरीत विज्ञानविषयक आख्यानमा केन्द्रित समालोचनामा इन्टरनेट सञ्जालको प्रयोग, अन्तरग्रहीय प्रणाली, मानवका आगामी जैविक अस्तित्व र सम्भावित जोखिमका विषय बारे सम्भावनाको सत्याभास हुने गरी विश्लेषण गरिएकाले साइरबर संस्कृति सम्बद्ध धार पनि विकसित भएको छ। साइबर संस्कृतिलाई समालोचनामा मुख्यत : साइबरपङ्क, अधिपाठ, कृत्रिम बुद्धिमत्ता र उत्तरमानवजस्ता पक्षको प्रयोग गरी प्रारूपीकृत गरिएको देखिन्छ। इन्टरनेट सञ्जालका कारण भौतिक दिक् परोक्ष ( उत्कट) मा परिणत भएको आजको अवस्थामा नेपाली आख्यान सिर्जना र समालोचना साइबर संस्कृति सम्बद्ध भई विकसित भएको देखिन्छ।*

**शब्दकुञ्जी :** अधिपाठ, अनुरूपण, उत्तरमानव, कृत्रिम बुद्धिमत्ता, साइबरपङ्क।

## विषयपरिचय

सञ्चारप्रविधिमा केन्द्रित भई गरिएको सैद्धान्तिक चिन्तन तथा त्यस्तो प्रविधिको प्रयोग गरी गरिएका सृजनाको मूल्य निर्णय एवं स्थान निर्धारणमा केन्द्रित अध्ययन नै साइबर संस्कृतिविषयक समालोचना हो । इन्टरनेटको आविष्कार प्रविधिको क्षेत्रमा युगान्तकारी प्राप्ति भएका कारण विश्वका हरेक देशका नागरिक परोक्ष संसारका माध्यमबाट परस्परमा सम्बद्ध भएका छन् । भौगोलिकताका विविधता अन्त्य भए, सतह (पदार्थ) मा केन्द्रित दिक् प्रणाली समाप्त भयो । पारोक्ष संसारका अदृश्य र शून्यमा सम्प्रेषणका सञ्जाल फैलिए, विकसित भए । यसलाई पेसा, व्यवसाय, नवप्रवर्तन, शिक्षा, प्रशासन, अन्तरिक्षमण्डलको यात्रा र पहुँच विस्तारजस्ता विविध क्षेत्रमा प्रयोग गर्न थालियो । अन्ततः सञ्चारप्रविधिसँगै बाँच्न थालियो भने यसैका प्रभावलाई सिर्जनाका विविध विधामा प्रवेश गराइएको देखिन्छ । मानव समुदायको साझा व्यवहार संस्कृति हो । कुनै खास भौगोलिक देश, कालमा बसोबास गर्ने व्यक्तिका बिचको पारस्परिक सुझबुझ र अभिरुचिका बिच मेल खाएपछि संस्कृति बन्छ । प्रविधि संस्कृति पनि विश्वका मानवले पारस्परिक रूपमा स्वीकार गरेको साझा सुझबुझ वा अभिरुचि हो । इन्टरनेट सञ्जालले प्रदान गरेका विविध विकल्प र त्यसका सहायताले आफ्ना दैनिक गतिविधिलाई सरल तुल्याउनका निम्ति गरिएको सहमति साइबर संस्कृति हो । विश्वका आम नागरिकले इन्टरनेट सञ्जालमा प्रवेश गरेर आफ्नो परोक्ष उपस्थिति स्विकारेको सन्दर्भमा नेपाली नागरिक र तिनले स्विकारेका प्रविधि सञ्जालका साझा सुझबुझले पनि संस्कृतिको रूप लिएको देखिन्छ ।

नेपाली साहित्यका स्रष्टाले प्रविधिसञ्जालका विकल्पमा प्रवेश गरेको नेपाल तथा अन्तर्राष्ट्रिय देशकालका विषयलाई सिर्जनात्मक पुनर्उत्पादन गरेर काव्य, आख्यान, नाटक र आख्यानेतर गद्यमा यसको प्रभाव र प्रयोगका सन्दर्भलाई आलङ्कारिकता दिएको देखिन्छ । यसै पृष्ठभूमिमा नेपाली आख्यानमा साइबरविषयक सिर्जनामाथि गरिएका सैद्धान्तिक तथा प्रायोगिक अध्ययनलाई प्रस्तुत लेखमा साइबर संस्कृतिको सैद्धान्तिक प्रारूप निर्माणका हेतु अध्ययन गरिएको छ । इन्टरनेट सञ्जालको प्रयोग नेपाली साहित्यका अन्य विधाका तुलनामा अधिक देखिएकाले आख्यानसम्बद्ध नेपाली समालोचनालाई नै प्रस्तुत लेखमा समस्याका रूपमा प्रयोग गरिएको हो । साइबर संस्कृतिका विषयमा नेपाली समालोचनामा सैद्धान्तिक अध्ययन भएका छन् तर साइबर संस्कृतिविषयक सैद्धान्तिक अध्ययनको इतिहास र विशिष्ट सैद्धान्तिक प्रारूप तयार गर्ने हेतुले अध्ययन नहुनु प्रस्तुत अनुसन्धानात्मक लेखको रिक्त क्षेत्र हो । यही रिक्तता परिपूर्ति गर्ने उद्देश्य यस लेखमा राखिएको छ । साइबर संस्कृतिसम्बद्ध नेपाली समालोचनाको क्रम तथा त्यस्तो क्रममा विकसित भएका उत्तरोत्तर प्राप्तिबारे मूल्य निर्णय गर्नु आवश्यक देखिएकाले प्रस्तुत लेख औचित्ययुक्त छ ।

## अध्ययनको विधि

प्रस्तुत अनुसन्धानात्मक लेख साइबर संस्कृतिविषयक नेपाली समालोचनामा केन्द्रित गरिएको छ । अनुसन्धानको रिक्तता पहिचान गरेर यस लेखको शीर्षक सोद्देश्य रूपले तय गरिएको हो । विशेषत : नेपाली आख्यानकेन्द्री साइबर समालोचना र तिनमा प्रस्तुत सैद्धान्तिक सन्दर्भलाई यस अध्ययनमा सामग्रीका रूपमा उपयोग गरिएको छ । साइबर संस्कृतिविषयक आंशिक तथा पूर्ण नेपाली समालोचना यसमा समेटिएका छन् । इन्टरनेट सञ्जालको प्रयोग नभएका तर अतिकाल्पनिक

रूपले आख्यानको वस्तु प्रस्तुत गरिएका समालोचना आंशिक साइबर विषयकअन्तर्गत रहेका छन् भने इन्टरनेट सञ्जालको आधुनिक प्रविधि तथा त्यसको प्रत्यक्ष प्रयोग आख्यानमा प्रयोग भएको सन्दर्भसम्बद्ध समालोचना पूर्ण साइबर संस्कृति विषयकअन्तर्गत समेटिएको छ। सैद्धान्तिक सामग्रीको पठन र साइबरविषयक आख्यानका सन्दर्भलाई समन्वयात्मक रूपले प्रयोग गरी सैद्धान्तिक प्रारूपीरकण गरिएको छ। सैद्धान्तिक प्रारूपीकरणका निम्ति गोविन्दराज भट्टराई (२०६४) को *उत्तरआधुनिक विमर्श,* मोहनराज शर्मा (२०६८) को 'साइबरउपन्यास : साइबरसमालोचना' शीर्षक भूमिका, शर्मा (२०७८) कै *समालोचनाका नयाँ कोण* र नेत्र एटम (२०७०) को *अन्तर्विषयक नेपाली समालोचना*भित्रको 'नेपाली विज्ञानकथा आधार र प्रविधि' शीर्षक लेख प्राथमिक सामग्रीका रूपमा प्रयोग गरिएका छन्। सत्यापनका क्रममा यी प्राथमिक सामग्रीलाई आरम्भमा सैद्धान्तिक सूचक निर्माणका निम्ति निगमनात्मक र अन्त्यमा साइबर संस्कृतिको आख्यानमा अलङ्करणका सन्दर्भमा आगमनात्मक रूपले विश्लेषण गरिएको छ।

**सैद्धान्तिक आधार**

सतहयुक्त जगत्भन्दा पृथक् र भौतिक मान तथा मापनका एकाइद्वारा बोध गर्न नसकिने जगत् परोक्ष जगत् हो। पृथ्वी अन्तरिक्षमण्डलमा भएका सतहयुक्त ग्रहमध्ये एक हो। त्यसैले यसका भौतिक मान र मापनका एकाइमा विश्लेषण तथा बोधन गर्न सकिने विविध संरचना उपलब्ध छन्। जमिनका विविधता, जलसतहका विविधता, जमिनमा रहेका वनस्पतिका विविधता, जलसतहमा रहेका प्राणीका विविधता यसै सतहको उपजस्वरूप विकसित भएका प्रजाति हुन्। अन्तरिक्षमण्डलका सापेक्षतामा यी सतह कुनै अग्ला, कुनै होचा, कुनै ताता, कुनै ठन्डा विविध प्रकृतिमा विभाजित देखिन्छन् तर यस्तो मापनीय आधार र ग्रहणको संरचना प्राप्त नभएको र तरङ्ग प्रणालीमा व्याप्त दिक् परोक्ष हो। परोक्ष दिक्लाई भौतिक संरचनाका जस्ता एकाइ र मापनीय आधारको प्रयोग गरेर प्रस्तुत गर्न सकिँदैन। "अन्तरिक्षमण्डलमा प्राप्त इथर, वायुका विविध समीकरण, सूर्यका किरण ( ताप) र इथरसम्बद्ध प्रणालीमा केन्द्रित भएको जगत् नै परोक्ष जगत् हो। इथरको सहयोगले नै प्रकाशको प्रसार र सञ्चरण हुने भएकाले अन्तरिक्ष शून्य छ भन्ने भ्रमलाई चिरेर नै वैज्ञानिकले प्रकाशप्रसारण प्रणालीको अध्ययन गरेको देखिन्छ" (सुनार र गिरी, २०७५, पृ.११५)। परोक्ष संसारको परिकल्पनामा सुनार र गिरी (२०७५) मा सतहसापेक्ष मान्यता यस प्रकार पस्तुत गरिएको छ :

> जसरी ध्वनिलाई कुनै दृश्य (देखिएको) माध्यमको सहयोगबिना नै हामी ग्रहण गर्न सक्छौं। त्यसै गरी ध्वनिको उपस्थिति नभएको अवस्थामा सञ्चरणको आधार के होला भन्ने प्रश्नबाट पारोक्ष दिक् र त्यसको सञ्चार प्रणाली विकास गरिएको देखिन्छ। प्रकाश विद्युतीय तरङ्गप्रणाली भएका कारण इथरमा यसको प्रसारण एक लाख छयासी हजार माइल प्रति सेकेन्ड हुने भौतिक विज्ञानको तथ्य छ। (पृ.१६०)

प्रकाशको विद्युतीय तरङ्ग प्रसारणको यसै प्रणालीलाई इन्टरनेट सञ्जालको प्रसारण माध्यम प्रयोग गरेर पारोक्ष संसारको आधार तयार गरिएको हो। नाङ्गो आँखाले हेर्दा शून्य लाग्ने अन्तरिक्षमण्डल प्रकाश तरङ्ग (इथर) सम्बद्ध भई भएको फैलावट नै इन्टरनेट सञ्जाल विकासको आधार हो।

इन्टरनेट प्रकाशको विद्युतीय तरङ्ग प्रणाली र यसको प्रविधिपूर्ण उपयोगबाट तयार गरिएको अदृश्य, भ्रमपूर्ण, मायावी, चामत्कारिक सञ्जाल हो। भौतिक, रासायनिक, जैविक, पारिस्थितिकीय र

खगोलीय प्रणालीका विषयमा भएको क्रान्तिको सर्वोपरि आधार नै इन्टरनेट हो । यसलाई मानवसमुदायले महत्त्वाकाङ्क्षाको परिपूर्ति गर्ने सन्दर्भमा चामत्कारिक रूपले प्रयोग गरेको हो । यसैको उपजस्वरूप पृथ्वीवासीको जीवन प्रविधिसम्बद्ध र रूपान्तरणको यात्रामा गतिशील भएको हो । इन्टरनेटकै उपयोगले भौतिक दिक्का दूरी समाप्त भए । तथ्यहरूको सङ्ग्रहण, सञ्चयन, प्रसारण, पुनर्प्रयोग, नवप्रवर्तनजस्ता प्रक्रिया उन्नत र चामत्कारिक भए । विश्वका नागरिक मोबाइल, ल्यापटप, टेलिभिजन, डाटा कलेक्सनका विविध सिलिकन चिप्स साथमा लिएकै भरमा जादुमयी रूपले एकअर्काका सामु पहुँच विस्तार र शक्यता निर्माण गर्न सफल भएको देखिन्छ । बाइट्स, किगा बाइट्स, गिगा बाइट्, मेगा बाइट्स जस्ता विद्युतीय तरङ्ग मापनका एकाइमा भौतिक सूचनालाई रूपान्तरण गरिने र अभौतिकीकरण गरी मानवका पारस्परिक क्रियाकलाप तरङ्गपद्धतिमा अनुवाद गरिएको अवस्था छ । यो नै आजको प्रविधि संस्कृति हो । यस्तो तरङ्गपद्धतिमा अदृश्य तथा रोमाञ्चक रूपले गमन एवं प्रसारण नै परोक्ष जगत् हो । एप्लिकेसन, डाटा, लिङ्क, ब्राउजरजस्ता परोक्ष संसारमा प्रवेशका विकल्पहरूले इन्टरनेट सञ्जालमा आवश्यक सामग्रीको निवेषण, प्राप्ति र सञ्चरण जस्ता प्रक्रिया सम्पन्न भएको छ । हरेक व्यक्ति उसका निजी अवस्था, रुचि र कुनै विषयप्रतिको प्रतिक्रियालाई सञ्जालमा निवेषण गर्दा बित्तिकै संसारका हरेक नागरिकको पहुँचमा पुगेको स्थिति छ । यसरी इन्टरनेट सञ्जालको प्रयोग गरेर भौतिक दिक्कालका सीमा समाप्त गरी निवेषणपश्चात् विद्युतीय प्रणालीमा प्रवेश गरेको र संसारका जुनसुकै भौतिक दिक्कालमा बसेको व्यक्तिको पनि पहुँचको विषय बनेको अवस्था नै साइबर संस्कृति हो ।

परोक्ष जगत् आभासी अवस्था हो । कुनै भौतिकीय संरचना र मापनीय आधार प्राप्त नभएको अवस्थामा पदार्थीय अस्तित्वलाई आन्तरिक डाटाप्रणालीबाट प्रस्तुत गर्नु नै परोक्ष जगत्को विशिष्टता हो । यो इन्टरनेट प्रणालीका सहायताले हाम्रो सामू अनुभूत भएको छ ।

## विमर्श र नतिजा

इन्टरनेट सञ्जालका कारण विकसित भएको परोक्ष संसारको अनुभव र यसको उपादेयता बढेपछि नेपाली साहित्यमा साइबरविषयक सिर्जना प्रकाशनमा आएका हुन् । इन्टरनेट सञ्जालको प्रयोगलाई आलङ्कारिक रूपले सिर्जनाको सौन्दर्य निर्माणमा प्रयोग गर्ने क्रम बिस्तारै विकसित भएको हो । विशेषतः नेपाली आख्यान (कथा, उपन्यास) विधामा साइबरविषयक कृतिको प्रकाशन अन्य विधाका तुलनामा अधिक देखिएका करण समालोचना पनि आख्यानकेन्द्री भएर देखापरेको छ । साइबरविषयक आख्यानको समीक्षा, विवेचना तथा साइबरको विद्युतीय प्रणालीसमेतको ज्ञान राखेर सैद्धान्तिकीकरण गरिएका नेपाली समालोचना प्रकाशनमा आएका छन् । नेपाली समालोचना क्षेत्रमा आंशिक साइबरविषयक समालोचना र पूर्ण साइबरविषयक समालोचना गरी दुई धार विकसित भएको देखिन्छ ।

## आंशिक साइबर संस्कृतिविषयक समालोचना

आख्यानका घटना, सहभागी, सहभागीले घटनालाई गति दिएको दिक्काललाई आधार मानेर प्रसङ्गगत रूपले गरिएका साइबरविषयक समीक्षा यस धारअन्तर्गत पर्दछन् । यस्ता समालोचनाले आधुनिक नेपाली आख्यानको विकासक्रम, युगीन दिक्काल र प्रवृत्ति चित्रणमा योगदान दिएको देखिन्छ । नेपाली आख्यानको ऐतिहासिक अध्ययनमा केन्द्रित आंशिक साइबरविषयक समीक्षा अघि बढेको देखिन्छ । यस्ता समालोचनामा कुमार कोइरालाको *आख्यान विमर्श* (२०६८) मा

सङ्गृहीत 'सामकालीन नेपाली उपन्यासका प्रमुख प्रवृत्तिहरू' शीर्षक लेख, सुनिल पोखरेल (सम्पा.) को *नेपाली विज्ञान कथासङ्ग्रह* (२०७०) मा समाविष्ट 'नेपाली विज्ञानकथाको सैद्धान्तिक मान्यता' शीर्षक सिद्धान्त अंश, रामप्रसाद ज्ञवालीको 'साहित्यकार विजय चालिसे र विज्ञानको कैदी' (२०७१) शीर्षक भूमिका, ज्ञानु अधिकारी (सम्पा.) को आख्यान विमर्शका आयाममा सङ्गृहीत 'समकालीन नेपाली कथामा साइबरचेतना' (२०७६) शीर्षक लेखको प्रकाशन क्रम देखिन्छ। आंशिक साइबरविषयक यी समालोचनामा प्रयुक्त साइबरविषयक सन्दर्भको यस प्रकार सङ्क्षेपमा अध्ययन गरिएको छ :

कुमार कोइराला नेपाली आख्यानको विवरणात्मक तथा विषयवस्तुगत प्रवृत्ति विकासको ऐतिहासिकता प्रस्तुत गर्ने समालोचक हुन् । यिनको *आख्यान विमर्श* (२०६८) मा प्रविधिले मानवका दैनन्दिन जीवनमा पारेको प्रभाव र त्यसको चित्रणमा केन्द्रित नेपाली आख्यान तथा आख्यानेतर गद्यको सामान्य विवरण देखिन्छ (कोइराला, २०६८, पृ. १५४) । इन्टरनेट सञ्जालले मान्छेका स्वतन्त्रतामा पनि अनुकूल तथा प्रतिकूल दुवै प्रभाव पारेको, इन्टरनेट सञ्जाल आफैँमा सिर्जनाको रूप र अन्तर्वस्तु दुवै भएको तथा इन्टरनेट सञ्जाल माध्यम भईकन पनि ज्ञान उत्पादनको विकल्प बनेको अवस्थालाई मानवले दैनन्दिन जीवनमा भोगेको यिनको ठहर छ । इन्टरनेट सञ्जालको वर्णन तथा यसले पारेका प्रभावमा केन्द्रित सन्दर्भ नै साइबर संस्कृतिको प्रतिनिधि पाठ हो भन्ने कोणबाट यस अध्ययनमा व्याख्या गरिएको छ जुन पूर्णतः साइबरविषयक विश्लेषण होइन । त्यसैले नेपाली साहित्यमा परोक्ष जगत् चित्रणको सामान्य स्वरूपका सन्दर्भमा यिनको अध्ययन देखिन्छ ।

*नेपाली विज्ञानकथासङ्ग्रह* (२०७०) मा सुनिल पोखरेलले विज्ञानकथाको इतिहास र नेपाली साहित्यमा विज्ञानविषयक कथा प्रकाशनको ऐतिहासिक समीक्षा गरेका छन् । चार चरणमा विभाजित विज्ञानकथा लेखनको ऐतिहासिक सन्दर्भ दिएर यिनले चरण परिवर्तनको आधारलाई देशकाल तथा वातावरणमा आएको परिवर्तनको उपज स्विकारेका छन् (पोखरेल, २०७०, पृ. २६) । दोस्रो विश्वयुद्धले मानवीय कल्पनालाई तीक्ष्ण बनाएको र पृथ्वीको सम्भावित विनाश र मानव जीवनको निरन्तरताको विकल्प खोजी गर्ने सिलसिलामा गरेका काल्पनिक सन्दर्भ देशकाल र वातावरण बनेर आएको यिनको मत छ । त्यसै गरी नेपाली विज्ञानविषयक कथालेखनमा पनि २००७ सालको युगीन राजनीतिक परिवर्तन र चेतनामा आएको परिवतर्न नै कारक भएको विचार छ। देशकाल वातावरणका अतिरिक्त यिनले विज्ञानविषयक कथाको शैली एवं शिल्पमा आएको परिवर्तन पनि प्रधान रहेको विचार व्यक्त गरेका छन् । इन्टरनेट सञ्जालको प्रधानता र मानवीय जीवनका उन्नत विकल्प भएका कथाको खासै चर्चा गरिएको देखिँदैन । कथाको वस्तुविन्यास र त्यसको स्रोत, विज्ञानविषयक कथा लेखन तथा प्रकाशनको पृष्ठभूमि र यात्राको रूपरेखा प्रस्तुत गरेका कारण पोखरेल साइबरको आंशिक चित्रण र विकास यात्रामा केन्द्रित ऐतिहासिक अध्येता हुन् ।

*विज्ञानको कैदी* (२०७३) को 'आमुख' मा विजय चालिसेले विज्ञान कथाको तत्त्व, विषयवस्तु र परिवेशको चर्चा गरेर विज्ञानविषयक कथाको विधास्वरूपको सामान्य अध्ययन गरेका छन्। त्यसै गरी विकासक्रम, एसियामा विज्ञानविषयक कथा लेखनको इतिहास र नेपाली विज्ञानविषयक कथाको इतिहासको ऐतिहासिक चर्चा गरिएको देखिन्छ। साइबर संस्कृतिविषयक कथा इन्टरनेट सञ्जालको आविष्कार र विस्तारको परिणाम भएका कारण यिनको यस ऐतिहासिक अध्ययनमा साइबरको पूर्वाधार विज्ञानलाई लिइएका कारण उल्लेख्य देखिन्छ। वेद, पुराण र

उपनिषदका आख्यानलाई पनि यिनले प्रारम्भिक विज्ञानकथा स्विकारेको देखिन्छ तर तत्कालीन समयका यी कल्पना यथार्थमा अनुवाद हुने विज्ञानसम्मत तथा पदार्थीय प्राप्ति उल्लेख नभएका कारण यी केवल स्वैरकल्पना मात्र हुन् । यथार्थसँग मिल्दो गुण वा स्वभाव नभएको इतिवृत्ति स्वैरकल्पना हो । नेपाली विज्ञानविषयक कथाको इतिहास चर्चामा यिनी *नेपाली विज्ञानकथासङ्ग्रह* (२०७०) बाटै अधिक प्रभावित भएका कारण चालिसे ऐतिहासिक धारमा केन्द्रित छन् । इन्टरनेट सञ्जालमा आधारित कथा साइबरविषयक कथा हो तर चालिसेले इन्टरनेट सञ्जाल र कथाको वस्तुविधानमा यसको स्थानका विषयमा भने खासै उल्लेख गरेको देखिँदैन ।

'समकालीन नेपाली कथामा साइबर चेतना' (२०७६) मा ज्ञानु अधिकारी उत्तरवर्ती नेपाली कथामा साइबरविषयक कथाको लेखन र यसले स्थापित गरेको नवीन प्रवृत्तिमा केन्द्रित भएको देखिन्छ । साइबर र मानवीय जीवन अभिन्न पक्ष भएका कारण विविध पेसा, व्यवसाय, उमेर समूह, लैङ्गिक प्रतिनिधित्वमा साइबरले गहिरो रूपमा प्रभाव पारेको यिनको मत छ । यन्त्र, यन्त्रको सञ्चालन प्रणाली, यन्त्रले मानवीय कार्यसम्पादनमा पारेको अनुकूल प्रभाव र सामर्थ्य विकासमा खेलेको भूमिकामा यिनको अध्ययन केन्द्रित देखिन्छ । "आजको मान्छे साइबोर्ग (आधा मानव र आधा यन्त्र) भएको"(अधिकारी, २०७६, पृ.१२९) भन्ने यिनको बुझाइ छ । मानवीय दैनन्दिन क्रियाकलाप यान्त्रिक उपस्थितिबिना अधुरो भएको र इन्टरनेट सञ्जालको प्रयोगले मानव परोक्ष संसारको सदस्य भएको अवस्था देखिन्छ । इन्टरनेटले भौतिक दिक्कालका सम्पूर्ण आयाम समाप्त गरेको अवस्था भएका कारण उत्तरवर्ती नेपाली कथामा पनि इन्टरनेट सञ्जालले पारेको अनुकूल एवं प्रतिकूल प्रभाव, भूमण्डलीकृत अवस्था, इन्टरनेट सञ्जाललाई अन्तर्वस्तुका रूपमा स्विकारेका कथाको बाहुल्य नेपाली कथाको नवीन प्रवृत्ति भएको यिनको निष्कर्ष छ । साइबरविषयक नेपाली कथा र ऐतिहासिक विकासमा केन्द्रित भएका करण अधिकारीको अध्ययन पनि इतिहासकेन्द्रित देखिन्छ । इन्टरनेट सञ्जालले मानवको जीवनमा पारेको प्रभाव र त्यसलाई सिर्जनामा उतार गर्दा तयार भएका कथाको प्रवृत्तिगत स्वरूप यकिन गरिएका कारण यस अध्ययनमा साइबरविषयक आंशिक सैद्धान्तिक सूचना देखिन्छन् ।

### पूर्ण साइबर संस्कृतिविषयक समालोचना

इन्टरनेट सञ्जालमा केन्द्रित सिर्जना र तिनका मानमा आधारित भएर गरिएका सैद्धान्तिक तथा ऐतिहासिक नेपाली समालोचना पूर्ण साइबर संस्कृतिविषक हुन् । नेपाली समालोचानामा गोविन्दराज भट्टराईको *उत्तरआधुनिक विमर्श* (२०६४) मा 'सङ्गृहीत साइबर संस्कृतिभित्र साहित्यको स्थान' शीर्षक लेख, नेत्र एटमको *नेपाली डायस्पोरा र अन्य समालोचना* (२०६७) मा सङ्गृहीत 'समसामयिक नेपाली उपन्यासमा प्रयुक्त विषय' शीर्षक लेख, *अन्तर्विषयक नेपाली समालोचना* (२०७०) मा सङ्गृहीत 'नेपाली विज्ञान कथा आधार र अध्ययन' शीर्षक लेख, *जिरो कटेज* (२०६८) मा प्रकाशित मोहनराज शर्माको 'साइबरउपन्यास : साइबरसमालोचना' शीर्षक भूमिका यस धारका प्रतिनिधि अध्ययन हुन् । *नेपाली डायस्पोरा र अन्य समालोचना* (२०६७) मा नेपाली उपन्यासमा प्रयुक्त विषयका सन्दर्भमा साइबर संस्कृतिविषयक नेपाली उपन्यासको अति सङ्क्षिप्त परिचय देखिन्छ । यान्त्रिक परिवेशबाट अलग भई इन्टरनेट सञ्जालमा प्रवेश गरेको मानव जीवन र त्यसमा केन्द्रित गरिएको आख्यानतत्त्वलाई एटमले साइबरविषयक आख्यान पहिचानको आधार बनाएका छन् तर पूर्णतः साइबरविषयक नेपाली उपन्यासको सम्भावना र नेपाली आख्यानमा यस्ता उपन्यासको

अवस्थाका सन्दर्भमा गहिरिन सकेको देखिँदैन (एटम, २०६७, पृ. २४) । साइबर संस्कृति र वैज्ञानिक आविष्कारका आजका प्राप्तिका बिचमा अन्योन्य सम्बन्ध रहेको हुन्छ । यसैलाई पहिचान गरेर एटमले *अन्तर्विषयक नेपाली समालोचना* (२०७०) मा नेपाली साहित्यमा विज्ञानविषयक सिर्जनाको अवस्था, विज्ञानविषयक सिर्जनाका विशेषता, विज्ञानविषयक र स्वैरकाल्पनिक आख्यानका बिचको भिन्नता, विज्ञानविषयक आख्यान लेखन तथा प्रकाशनको वर्तमान अवस्था जस्ता विषयमा केही विस्तृत तथा सैद्धान्तिक अध्ययन गरेको देखिन्छ । "तथ्य र तथ्यका आधारमा पूर्वानुमान गर्न सकिने तार्किकताका कोणबाट विज्ञान आख्यान तयार गरिने, विज्ञान र प्रविधिको उच्चतम प्रयोग गरिने, बाह्य परिवेशको प्रयोग जस्ता विशेषता विज्ञानविषयक आख्यानमा पाइने" एटमको मत छ (एटम, २०७०, पृ. २३-२७) । विज्ञान तथ्यको तार्किक सम्बन्धद्वारा पुष्टि गरिएको भविष्यको पूर्वानुमान भएका कारण यसमा सम्भावनाको सत्याभास हुनुपर्ने तर स्वैरकल्पनामा सम्भावनाको सत्याभासमा कत्ति पनि सम्बन्ध नदेखिने किसिमको कोरापन वा विशुद्ध काल्पनिकताको मात्रा अधिकतर प्रयोग हुन्छ । इन्टरनेट सञ्जाल र त्यसको प्रयोगका निम्ति तय गरिएका वैज्ञानिक आविष्कार तथा यस्ता आख्यानको स्वरूपसमेत पहिचान गराएका कारण नेपाली साइबरविषयक समालोचनामा एटम अंशतः ऐतिहासिक तथा अधिक मात्रामा सैद्धान्तिक रूप प्रस्ताव गर्ने समालोचक देखिन्छन् ।

*उत्तरआधुनिक विमर्श* (२०६४) मा गोविन्दराज भट्टराई पूर्णतः साइबर सिद्धान्तमा केन्द्रित भएका छन् । "कम्प्युटर प्रणालीमा जडान भएपछि इन्टरनेटले विश्व मानव समाजलाई पारेको प्रभाव, राष्ट्रियताका भौगोलिक सीमा समाप्त भएको, स्थानीय संस्कृति विस्तारमा पुगेको, ब्रोडकास्टिङ प्रणालीबाट न्यारोकास्टिङ प्रणालीमा विश्व प्रवेश गरेको जस्ता पक्षलाई यिनले साइबर संस्कृतिको साझा विशेषतामा समेटेका छन्" (पृ. ७७-७८) । आज 'वान टु मेनी' को प्रणाली परिवर्तन भई 'मेनी टु मेनी' को प्रणाली विकसित भएका कारण भूमण्डलीकरण, साइबर फेमिनिजम, सांस्कृतिक साम्राज्यवाद, साइबरपङ्क जस्ता प्रश्न समुदायमा विकसित भएको अवस्था छ । यसैलाई सैद्धान्तिकीकरण गर्ने सिलसिलामा भट्टराई ऐतिहासिक देखिन्छन् । पुँजीवादको सांस्कृतिक विस्तार भनी साइबर संस्कृतिमाथि आलोचनात्मक टिप्पणी भएको छ तर यो आज हाम्रो जीवनको अभिन्न पक्ष बनेको छ । हरेक मानिस साइबरस्पेसमा उपलब्ध छन्, हरेकका कारोबार र आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक विषय साइबरस्पेसबाट 'अनेकदेखि अनेकसम्म' भएको छ । यसलाई नेपाली साहित्यका विविध विधामा स्रष्टाले मानवीय मूल्यको निरन्तरताका निम्ति होस् वा साइबर संस्कृतिका कारण एक्लिएको, तथ्याङ्कले जेलिएको, निरस र शुष्कजस्तो रूपमा चित्रण गरे पनि अब उम्कन सकिने अवस्था रहेन । त्यसैले सम्भावनाका अनन्तता र पारोक्ष संसारमा मानवको पहुँचका विषयलाई सिर्जनामा गरिएको प्रयोग र सैद्धान्तिकीकरण गरेका भट्टराई साइबर संस्कृतिविषयक नेपाली समालोचनाका प्रतिनिधि समालोचक हुन् ।

'साइबरउपन्यास : साइबरसमालोचना' (२०६८) मा मोहनराज शर्मा सैद्धान्तिक तथा प्रायोगिक दुवै कोणबाट प्रस्तुत भएका छन् । पूर्णतः साइबर आख्यान बन्ने आधार दिएर यिनले त्यस्तो आख्यानलाई सैद्धान्तिक रूपले विमर्श पनि गरेका छन् । साइबर संस्कृति, मानव साइबोर्ग भएको अवस्था, साइबर पाठको प्रकृति र त्यसले साइबर स्पेसमा प्राप्त गरेको विस्तृति, असीमित सञ्चयनको क्षमता र तरङ्गप्रणालीमा गरिने त्यसको सञ्चार जस्ता विषयमा शर्मा केन्द्रित छन् । "मुख्यतः साइबर पाठको नानुक्रमिक पद्धति र पठनका नवस्वरूपप्रति" (अधिकारी, २०७६, पृ. १२९) यिनी केन्द्रित छन् । छापा पाठ भौतिक मापन र सङ्ग्रहणको विषय हो भने अधिपाठ तरङ्गप्रणालीमा

परिबद्ध र नियन्त्रित अवस्था हो । साइबर संस्कृति र पर्यावरणीय स्थितिको समन्वयात्मक पद्धतिमा अबको कला, साहित्य र त्यसका विमर्श केन्द्रित हुनुपर्ने यिनको मत छ। मानवको जैविक रचनाप्रणालीलाई परिवर्तन गर्न नसकिने तर पृथ्वीको विकल्पमा अर्को धरातलीय ग्रहको पहिचान, अध्ययन, मानव जीवनको शक्यता विकास जस्ता पक्षमा केन्द्रित हुन सकिने अतीवनवीन खोज सम्भव रहेको यिनको मान्यता छ । शर्माकै *समालोचनाका नयाँ कोण* (२०७८) मा पनि नेपाली साइबर समालोचनामा सैद्धान्तिक स्वरूप प्रस्तुत गरिएको देखिन्छ। साइबरसमालोचनाका नेपाली तथा अन्तर्राष्ट्रिय सन्दर्भमा केन्द्रित गरेर तयार गरिएको यस अध्ययनमा सोधाइ र जबाफको नवीन पद्धति पयोग गरिएको छ । स्वयंले प्रश्न निर्माण गर्ने र त्यसको उत्तरदाताका रूपमा प्रस्तुत भएको अवस्था छ। साइबरले परोक्ष संसारमा स्थान प्राप्त गरेको कम्प्युटर प्रणाली र सन् १९९० को दशकमा विकसित डब्लुडब्लुडब्लु नामक साइबर स्पेसको अन्त्यहीन प्रणालीले सिर्जना र समालोचनाको क्षेत्रमा युगान्तकारी भूमिका खेलेको विचार शर्माको छ। विविध पारिभाषिक पदावली "साइबरपङ्क, साइबोर्ग, साइबरनेटिक्स, साइबर स्पेस, हाइपर रियालिटी, विश्वग्राम, एक्स्ट्रोपियन, क्र्याकर, ह्याकर..." (पृ.६५-६६) र समालोचनाका सन्दर्भमा तिनको उपयोग सम्बन्धी खोलुवा प्रस्तुत गरेका कारण यिनको प्रस्तुत अध्ययन साइबरविषयक सैद्धान्तिक प्रकृतिको छ। नेपाली साइबर समालोचनामा शर्मा पृथक् प्रवृत्ति र प्रभावलाई ऐतिहासिक रूपले प्रस्तुत गर्न सफल प्रतिभाका रूपमा देखिन्छन् ।

साइरबविषयक नेपाली समालोचनाको परम्परा मुख्यतः आंशिक साइबरविषक र सैद्धान्तिक साइबरविषयक गरी विकसित भएको देखिन्छ। विज्ञानका आविष्कार र तिनको प्रयोग मानव जीवनमा अभिन्न रूपले प्रवेश भएको अवस्था आंशिक साइबर विषयक हुन् भने सिद्धान्तको स्थापना, कृतिगत साक्ष्य र त्यसका साझा मानलाई आत्मसात् गरिएका अध्ययन सैद्धान्तिक रूपका छन् ।

## साइबर संस्कृतिविषयक समालोचनाको सैद्धान्तिक स्वरूप

नेपाली साइबरविषयक आख्यान, तिनको विश्लेषण र यसका निम्ति प्रयोग गरिएका साइबरविषयक प्रविधिको व्याख्या र अवधारणका आधारमा खासखास सैद्धान्तिक मान विकसित भएको देखिन्छ। ती हुन् : साइबरपङ्क, अधिपाठ, कृत्रिम बुद्धिमत्ता र उत्तरमानव। यसका अतिरिक्त अन्य अवधारणा र सैद्धान्तिक मान पनि प्रचलनमा छन् तर अध्ययनको सीमाका कारण केही खासलाई मात्र यहाँ सैद्धान्तिक विमर्शमा जोडिएको छ।

### साइबरपङ्क

इन्टरनेट सञ्जालमा देखिएका मानवलगायतका विविध जैविक प्रजाति र प्राणीका प्रतिरूप आख्यानको पात्र बनेर आएको अवस्था साइबरपङ्क हो। मोबाइल, ल्यापटप, आइप्याड, कम्प्युटरका विविध डिजिटल पेज आदिमा देखापरेका मानवका जस्तै संरचना, प्रस्तुति र प्रतिक्रिया दिने तथा मानवकै भ्रम उत्पन्न गर्ने बिम्ब साइबरपङ्क हुन्। "उत्तरआधुनिक विज्ञानविषयक आख्यानमा परोक्ष संसारको विषयवस्तु लिएर आंशिक तथा पूर्ण रूपमा पारोक्ष यथार्थमा देखिने मानव वा कृत्रिम बौद्धिक विकल्प साइबरपङ्क हुन्" (अब्राम्स, सन् २००४, पृ. २७९)। साइबरको तरल तथा भ्रममय लाग्ने संसारमा देखिएका डमी, मानवीय तथा मानवेतर विविध प्रजातिका प्राणीको शरीरको भ्रम दिने चित्र, क्षणक्षणमा आकार बदल्ने प्राविधिक परिकल्पना सबै साइबरपङ्क हुन्। साइबरपङ्क साइबर संसारमा देखिने मानव अस्तित्वको प्रतिरूपीय परिकल्पना हो। "साइबरपङ्कले मानवअस्तित्वमाथि

प्रविधिको प्रभाव हेर्दछ, त्यससित सम्बन्ध राख्दछ । यसले एउटा परोक्ष सत्य अथवा अवास्तविक सत्य (भर्चुअल रियालिटी) लाई प्रस्तुत गर्दछ" (भट्टराई, २०६४, पृ. ८५) । इन्टरनेट सञ्जालमा देखिएका प्रतिमानवीय तथा प्रतिजैविकीय स्वरूप, छायाँ वा तरङ्गतुल्य परिकल्पना साइबरपङ्क हुन् । "साइबर संसारमा देखिएका सङ्केत पद्धति (कोड)" का रूपमा पनि यसलाई अर्थ्याइएको छ ( अधिकारी, २०७६, पृ. १२९) । कल्पित भावी संसार तथा त्यस्तो संसारमा देखिने मानवको भ्रम दिने गरी तयार गरिएका बहुरूपी स्वरूपलाई साइबरपङ्क भनिएको पाइन्छ । विज्ञानविषयक आख्यानमा इन्टरनेट सञ्जालको नियन्त्रण र सन्तुलनद्वारा व्यवस्थापन गरिएका मनवीय संरचनातुल्य रहेका अर्धमानव (आधा मानव र आधा यन्त्र)को अवस्था र भ्रममय छायाँ साइबरपङ्क हुन् ।

बाहिरबाट मानवकै भ्रम पैदा गर्ने तर आन्तरिक अङ्ग संरचना र तिनका बिचको सञ्चालन प्रणालीलाई इन्टरनेट सञ्जालले नियन्त्रण गरेको अवस्था साइबोर्ग हो । मानवाकृतिमा देखिएका र मानवीय मस्तिष्कमा रहेका सूचना सङ्ग्रहणको जैविकीय तथा पारिस्थितिकीय प्रतिफलनात्मक गुणलाई अनुरूपण गरिएका सिलिकन चिप्सले युक्त परिकल्पना पनि साइबोर्ग हो । साइबर संस्कृतिको अभिन्न अङ्गका रूपमा साइबोर्ग भौतिक दिक् तथा आख्यानको काल्पनिक दिक्मा प्रयोग हुन थालेको छ । हामीले कार्यसञ्चालनलाई प्रभावकारी र यान्त्रिकीय विकल्पको प्रयोग गर्न विविध प्रकारका उपकरणलाई दैनिक व्यवहारमा प्रयोग गरे जस्तै साइबोर्ग पनि मानवाकृतिमा संरचित यान्त्रिकी परिकल्पना हो ।

इन्टरनेट सञ्जालमा अतिसंवेदनशील, गतिशील र जादुमयी लाग्ने मानवीय परिकल्पना प्रयोग गरिएको पाइन्छ । यस्ता परिकल्पना मानवका अनुरूपण हुन् । त्यसैले ती अजैविक मानव ( परामानव, ट्रान्सह्युमन) हुन् । वैज्ञानिक अभिकल्पना भएका कारण यिनको अस्तित्व छायाछविमा निर्भर र मायावी कोटिका हुन्छन् । "उत्तरआधुनिक विज्ञानविषयक आख्यानमा पनि यस्ता मायावी अनुरूपणलाई चरित्रका रूपमा प्रयोग गरिएको देखिन्छ । प्रविधिको दोहन गरेर मानवीय जीवनको प्रत्याशा तथा मानव शक्यता (पोटेन्सियालिटी) बढाउने" साइबरपङ्क हुन् (शर्मा, २०६८, पृ. घ) । यस्ता साइबरपङ्क प्रयोग गर्दा इन्टरनेट सञ्जालले मानवीय भौगोलिक दिक्कै अनुरूपण गरेर परोक्ष संसार तयार गर्ने भएकाले मानवीय व्यवहार, संवेग, क्रियाकलाप वा मानवीय बिम्ब दिने नाशवान् तथा भ्रममय लाग्ने सबै परिकल्पना बन्दछन् । यस्ता साइबरपङ्कमा परोक्ष संसारका, भ्रममय लाग्ने, अस्थिर, बहुरूपी, अलौकिक क्षमाताले युक्त र काल्पनिक अनुरूपण जस्ता विशेषता पाइन्छन् । जैविक संरचनाप्रणाली नभएका कारण यी मायावी लाग्ने तर अतीव नवीन कार्यशैली र क्षमताले युक्त सङ्केत (कोड) हुन् ।

## अधिपाठ

कम्प्युटर प्रणालीमा आधारित पाठ (सङ्केत व्यवस्था) अधिपाठ (हाइपरटेक्स्ट) हो । छापापाठले निश्चित भौतिक आयाम र संरचना लिन्छ भने कम्प्युटरप्रणालीमा आधारित अधिपाठ एक प्रकारको भ्रम, मायावी, तरङ्गतुल्य, छद्म र काल्पनिक हुन्छ । यस्ता पाठलाई मानवको सामाजिक, सांस्कृतिक विश्वास र समुदायको पहिचानसँग जोडेर व्यवस्थित गरिएको हुन्छ । त्यसैको अनुरूपण नै अधिपाठ हो । सूचना र सञ्चार प्रविधिका कारण आज जैविक मानव पराभौतिक संसारको अस्तित्वमा प्रवेश गरेको छ । अधिपाठ र यसको भ्रमात्मक एवं काल्पनिक गतिका विषयमा अब्राम्स र हार्फम (सन् २०१५) को मान्यता यस प्रकार देखिन्छ :

> सन् १९६० को दशकमा अधिपाठलाई हाइपरटेक्स्ट भनी नामकरण गरिएको देखिन्छ भने यसलाई आज कम्प्युटरमा आएका पाठको रिडिङका दृष्टिले अत्यधिक मात्रामा प्रयोग गरिएको छ । कम्प्युटरका सहायताले पाठकमा नानुक्रमिक, खुला र गतिशील अनुभव दिने सङ्केत व्यवस्था नै अधिपाठ हो । ब्राउजर, लिङ्क आदिको सहयोगले पाठलाई एक भर्चुअल पेजबाट अर्को पेजमा, एक तथ्याङ्कबाट अर्को तथ्याङ्कमा र एक फाइलबाट अर्को फाइलमा अभौतिक रूपले नै प्रवेश गर्ने प्रणालीको प्रयोग अधिपाठमा हुन्छ । (पृ. १६९-१७०)

आख्यानमा कथानक, पात्र, दिक् तथा कालको वर्णन गरिएको र पाठीय स्वरूप अधिपाठ भएको अवस्थालाई अधिपाठीय आख्यान (हाइपरटेक्स्ट फिक्सन), साइबरआख्यान (साइबरफिक्सन) वा विद्युतीय साहित्य (इलेक्ट्रोनिक लिटरेचर) भनी नामकरण गरिएको पाइन्छ । मिचेल ज्वयसको *आफ्टरनुन, अ स्टोरी* (सन् १९९०), स्टुवार्ट मलथ्रोपको *भिक्टी गार्डेन* (सन् १९९२) जस्ता विद्युतीय साहित्य (इलेक्ट्रोनिक लिटरेचर) यस विधामा प्रतिनिधि मानिएका छन् । इन्टरनेट सञ्जालको विषय, प्रक्रिया र पद्धति, इन्टरनेट सञ्जालमा विकसित भएका नवनव प्रवर्तनजस्ता विषयमा आधारित आख्यान अधिपाठका मुख्य प्रयोग सन्दर्भ हुन् । कम्प्युटर प्रणाली, यसका मान तथा मापन र तथ्याङ्कीय अभिलेखका उपजस्वरूप अधिपाठ हाम्रा सामु आएका हुन्छन् । शर्मा (२०६८) ले अधिपाठलाई यस प्रकार परिभाषित गरेका छन् :

> पाठ रैखिक, परिबद्ध र स्थिर हुन्छ । यसका विपरीत हाइपरपाठले प्रविधिका सहायताबाट बढी गतिशीलता र तरलता ल्याउने हुँदा पाठका उपर्युक्त सीमाहरू (गुणहरू) अतिक्रमण गर्छ । यसको पठन नानुक्रमिक, प्रचालित र अन्तर्क्रियात्मक हुन्छ । हाइपरपाठ परोक्ष यथार्थ भएको हुँदा साइबरदिक् रहन्छ तर यसमा डिजिट तथा अभिलेखागारीय सामर्थ्य भएको हुँदा प्रचालनद्वारा नानुक्रमिक (अघिपछि, भित्रबाहिर, तलमाथि आदि) ढङ्गमा पढ्नलेख्न सकिन्छ । (पृ. झ)

अधिपाठको दिक् डिजिटल र काल सर्वकालिक तथा सर्वव्यापी हुने भएकाले भौतिक पाठलाई ओसारपसार, भण्डारण, टङ्कण, आकारीकरण गर्न प्रयोग गरिने प्रक्रिया डिजिटल नै हुन्छ । यस्तो पाठ भ्रमतुल्य लाग्ने र कुनै भौतिक सीमा वा मापनीय एकाइमा परिबद्ध नहुने भएकाले सहज प्रकाशन, असीमित भण्डारण तथा टङ्कणको सुविधामा उपलब्ध हुन्छ । भौतिक पाठले ओगट्ने छापा स्थान र त्यसको निश्चित तथा सीमित आयाम हुन्छ तर अधिपाठले असीमित रूपमा व्याप्ति प्राप्त गरेको, भण्डार र सञ्चयनको डिजिटल स्थान पाउने भएकाले वस्तुगत मापनका आयाम (क्षेत्रफल, घनत्व, पृष्ठ) जस्ता पक्ष तरल एवं गतिशील हुन्छन् । यस्तो पाठलाई बाइट्स, किगा बाइट्स, मेगा बाइट्स जस्ता विकल्पको प्रयोग गरेर मापन गरिएको हुन्छ । अनन्त रूपले व्याप्त भर्चुअल संसारका सामग्रीलाई कार्बन चिप्समा सञ्चयन गर्न सकिने सुविधा हुन्छ । छापा पाठलाई आवश्यक पर्ने विस्तृत स्थान र भण्डारणको विकल्पमा सिलिकन चिप्सले काम गरेको देखिन्छ । "यस्तो अधिपाठको पठनमा पाठकले ग्राफिक, भिडियो, सङ्गीत जस्ता पठनका घटक समकालिक रूपले उपलब्ध हुन्छन्" (अब्राम्स र हार्फम, सन् २०१५, पृ. १७०) । त्यसैले विद्युतीय पठन वहुविकल्पसहितको पठन हो । एकै समयमा ग्राफिक पेजलाई सङ्गीत, विविध दृश्य, तथ्याङ्कीय प्रस्तुति तथा तिनका विशिष्टतालाई सङ्केत गरिएका चिह्न व्यवस्थाका माध्यमबाट अध्ययन गर्न सकिन्छ ।

लेखक-पाठक, लेखन-पठन जस्ता परम्परागत अवधारणामा परिवर्तन आएको छ । कुनै खास भाषाको लिपिमा अभ्यस्त भए साक्षर र नभए निरक्षर भन्ने मानक भत्किएको देखिन्छ । इलेक्ट्रोनिक डिभाइस हातमा लिएर विश्वका विविध गतिविधिलाई घरैमा बसीबसी हेर्ने, सुन्ने र सुसूचित भएको व्यक्ति निरक्षर वा साक्षर के हो ? परिभाषा बदलिएको देखिन्छ । यसै सन्दर्भमा भट्टराई (२०६४) लेख्छन् :

> धेरै सिर्जना श्रव्यमा, दृश्यमा, ध्वनिमा जाँदै छ । तिनको पाठक अर्कै हो । शब्द र तिनले बनाउने सङ्केत अब उही रहेनन् । तीबिचको सन्तुलन ढल्पलायो । त्यसले गर्दा साक्षरता भन्ने शब्द पनि पुनःपरिभाषित गर्नुपर्ने भयो । सारा टिभी वा कम्प्युटरमा हेरेर दृश्य र ध्वनिका भरमा विश्व बुझ्ने व्यक्तिलाई निरक्षर भन्न मिल्छ ? अब मिल्दैन । (पृ.७९)

मायावी र चमत्कारपूर्ण लाग्ने इन्टरनेट सञ्जालले भौतिकताका सीमा सबै समाप्त गरेका कारण पठन पनि भौतिकताको दायराभन्दा बाहिर पुगेको छ । जहाँ, जहिले, जसलाई, जति, जे विषयमा चासो उत्पन्न भयो सोही अनुसारका विषय र सामग्री उपलब्ध हुने समय आयो । त्यसैले हाइपररिडिङ जादुमय रूपले सर्वत्र विस्तार भयो भने यो सबैको पहुँचमा पुगेका कारण भौतिकतामा आधारित पठनका मान्यता सबै समाप्तप्रायः अवस्थामा पुगेको छ ।

**कृत्रिम बुद्धिमत्ता**

मानवाकृतिमा कुनै यन्त्रको संरचना र मानवले जस्तै परिकल्पना गरेर वरिपरिको दिक् तथा कालको सिर्जनात्मक उपयोग गर्ने क्षमता भएको यन्त्र कृत्रिम बुद्धिमत्ता (आर्टिफिसियल इन्टेलिजेन्स) हो । मानव यस धर्तीका लाखौँ प्राणीमध्ये मस्तिष्कका कारण पृथक् र बेजोड देखिन्छ । कुनै परिवेश, घटना, अवस्था, निर्णय निर्माण जस्ता स्थितिमा मस्तिष्कका कोशिकाले कसरी काम गरेको हुन्छ भन्ने जैवरासायनिक द्रव प्रणाली र त्यसको इन्टरनेट सञ्जालमा जडान गरेर तयार गरिएको क्रियाकलापीय योग्यता कृत्रिम बुद्धिमत्ता हो । जोन म्यार्थीले सन् १९५५ मा कृत्रिम बुद्धिमत्ता शब्दको प्रयोग पहिलो पटक गरेको देखिन्छ । कम्प्युटरबाट इन्टरनेट सञ्जाल प्रयोग गरी यन्त्रमानवलाई कसरी मानवकै अनुरूपण गरेर प्रस्तुत गर्न सकिन्छ भन्ने प्राक्कल्पनाको इलेक्ट्रो मेकानिकल प्रणालीमा कृत्रिम बुद्धिमत्ता विकसित गरिएको हो । म्यार्थीको यस प्रस्तावले भौतिक र अभौतिक ( क्रमशः रोबोट र कम्प्युटर एप्लिकेसन) मा मानवीय मस्तिष्कको आनुरूपण योग्यता विकास गऱ्यो । स्मार्ट फोनका एप्लिकेसन (पर्सनल एसिस्टेन्स सिरी), वास्तविक लाग्ने भिडियो गेम, अमेजन कम्पनीले प्रयोगमा ल्याएको इ-बुक, चालकरहित टेस्लाकार, औद्योगिक क्षेत्रका रोबोट, अन्तरिक्षमा प्रक्षेपण गरिएका अत्याधुनिक रकेट आदिमा मानवले जस्तै कार्यप्रणाली र स्मरण, सञ्चयन तथा सङ्ग्रहण क्षमता विकास गरिएको छ । यी सबै कृत्रिम बुद्धिमत्ताका प्रयोग हुन् ।

कृत्रिम बुद्धिमत्ताको अत्याधुनिक स्वरूप अनुरूपण (सिमुलेसन) प्रणालीमा आधारित देखिन्छ । "यथार्थको नक्कल वा अनुकृति तयार पार्ने प्रक्रिया" (शर्मा, २०७८, पृ. ६६) अपनाएर कम्प्युटर वैज्ञानिकले मानवको मस्तिष्क, मस्तिष्कमा विकसित भएको सूचना प्रणाली, ऊर्जा तरङ्गले मस्तिष्कमा पारेको अनुकूल प्रभाव आदिको सूक्ष्म अध्ययन गरी यन्त्रमा प्रयोग गरेपछि कृत्रिम बुद्धिमत्ता तयार हुन्छ । "कम्प्युटरको सहायताले इन्टरनेट सञ्जालको प्रयोग गरी मानवको प्रतिरूप सिर्जना गर्ने र मानवले जस्तै सिर्जनात्मक परिकल्पनाको प्रयोग गर्ने भौतिक तथा अभौतिक ( भर्चुअल) दुवै कृत्रिम बुद्धिमत्ता हुन्" (चौलागाईं, सन् २०१९, पृ. ११) । इन्टरनेट सञ्जालको

सहयोगमा सञ्चालन भएका मोबाइलका एप्लिकेसनदेखि ठुलाठुला औद्योगिक क्षेत्रमा प्रयोग भएका द्रुत गति, अविच्छिन्न रूपले सक्रिय र मानवको जस्तै परिवेश र सन्दर्भअनुसार आफ्ना भूमिकालाई सहज रूपले बोध गर्ने प्रतिमानवीय परिकल्पना सबैलाई आर्टिफिसियल इन्टेलिजेन्सको वर्गमा राखिएको छ। मानवका कार्यप्रणालीका तहमा सहयोगी बनेर अनि मानवको जस्तै स्वरूप र आकृतिका विकल्प भई प्रयोग भएका इन्टरनेट सञ्जालका विकल्प जति सबै कृत्रिम बुद्धिमत्ताअन्तर्गत पर्दछन् ।

कृत्रिम बुद्धिमत्ताले जैवरासायनिक द्रव प्रणालीका क्षेत्रमा भएको 'जेनेटिक इन्जिनियरिङ'बाट प्रभाव ग्रहण गरेको अध्ययन बाहिर आएका छन् । मानिसको मस्तिष्कमा जिनले सञ्चार गर्ने सूचना प्रणालीको अध्ययन गरेर मानवाकृतिमा निर्मित यान्त्रिक प्रणालीमा पनि चामत्कारिक विकास गरिएको देखिन्छ। यस्ता भौतिक संरचना भएका वा मायावी रूपले आभासी अस्तित्व मात्र भएका कृत्रिम बौद्धिकी आज मानव जीवनका अपरिहार्य साधन बनेको देखिन्छ।

**उत्तरमानव**

मानवका जैविक संरचना प्रणाली र यसका मानवीय पक्षलाई पुनरवलोकन गरेर यन्त्रमानवको स्वरूपबाट अर्थ्याउने वा पुनः परिभाषीकरण गर्ने प्रविधिसम्मत अवधारणा नै उत्तरमानव हो। प्रजनन, बृद्धि विकास, चाल, ऊर्जा प्रणालीको स्वरूप जस्ता कोणबाट जैविक मानवका विषयमा बनेको अवधारणा अब परिवर्तित भएको छ। मानव केवल सूचना प्रणाली र तथ्यको भण्डारणमा परिणत भएको शुष्क चेतना हो भन्ने अवस्थामा मानवीय मूल्य सीमित भएको छ। प्रविधिको सङ्क्रमण तथा जैविकीय विशिष्टताको संयोजित प्रकृतिका विषयमा शर्मा (२०६८) मा यस प्रकार उल्लेख गरिएका छ :

> यसले परम्परागत उदारमानवतावादमा परिमार्जनको प्रस्ताव गरी यान्त्रिक अनुरूपण प्रणालीसँग सम्बन्ध राख्दछ। साइबोर्ग, रोबोट, मानवाकृतिमा संरचित यन्त्र आदि उत्तरमानव हुन्। मुख्यतः अनुरूपण पद्धतिको प्रयोग र मानवको अङ्गसंरचनातुल्य बनोट भएको अवस्था उत्तरमानव हो। यान्त्रिक अभिकल्पना भएका कारण यसका आवश्यकता, स्वभाव, प्रकार्य, अङ्गको निर्माण तथा पुनःनिर्माण जस्ता पक्ष पनि उत्तरमानवता ( शुष्कमानवता) कै विषय हुन्। साइबर संस्कृतिमा विकसित मानवका विषयमा क्याथ्रिन हेलेसलाई सन्दर्भित गर्दै अबदेखि मानवहरू मुख्यतः सूचना सन्धानका त्यस्ता अस्तित्वका रूपमा हेरिन थालिए जो तत्त्वतः बुद्धिमान् मेसिनका तुल्य छन् भनिएको छ। (पृ. ञ)

मानव र मेसिनमा विकसित गरिएको बुद्धिमत्ताका बिच समरूपीय सम्बन्ध विकास भएको अवस्था यसमा सङ्केत भएको छ। कुनै पनि मानव अब प्रविधिको सन्धानमा निपुण र जैविकीय संरचनाको बाह्य आवरणमा परिणत भएको स्थिति छ। मानवलाई प्रविधिसञ्चारको ज्ञाता, नवप्रवर्तनको आधार, पदार्थमा सन्निहित ऊर्जा प्रणाली र त्यसको रूपान्तरण जस्ता पक्षमा तार्किक हुने करिब मेसिनतुल्य रूपमा परिकल्पना गरिएको छ। मानव र मेसिनका बिचमा अन्तर नहुने भएकाले त्यस्तो अवस्थामा पुगेको मानवलाई उत्तरमानव र तिनका अभिलक्षणका विषयमा गरिने चिन्तन उत्तरमानवतावाद हो। "विशेषतः दोस्रो विश्वयुद्धपछि 'कम्प्युटरमा आधारित विवेकीकरण' र 'कम्प्युटरसम्बद्ध कृत्रिम बुद्धिमत्ता' को अवधारणा विकसित भएको हो। जर्ज अरबेलले कम्प्युटरलाई 'अन्तर्क्रियात्मक अवलोकन गर्ने यान्त्रिक प्रणाली' का रूपमा चित्रण गरेपछि मानवका विषयमा

बनाइएको परम्परागत उदार दृष्टिमा परिवर्तन आएको हो" (गिलिज, सन् २००७, पृ. २०५)। मानवले साइबरपङ्क वा साइबोर्गका रूपमा रूपान्तर गर्ने क्रम बिसौँ शताब्दीको अन्तिम दुई दशक उल्लेख्य रह्यो। यसैलाई कथा (सर्ट स्टोरी) विधामा ब्रुस बेथ्क्सले 'साइबरपङ्क' (सन् १९८३) मा प्रकाशित गरी प्रविधिसंस्कृतिमा प्रवेश गरेको मानवको चित्रण गरे। परम्परागत उदार मानवताको विपरीत यन्त्र र इन्टरनेट सञ्जालमा प्रवेश गरेको मानवका कोणबाट अर्थ्याउने अभियान आरम्भ भएको हो।

गिब्सनको *न्युरोम्यान्सर* (सन् १९८४) ले साइबर संस्कृतिविषयक आख्यान (उपन्यास) मा कालजयी योगदान दिएको हो भने कम्प्युटर र उदारमानवका बिचको निकटतम सम्बन्धलाई पनि थप नवीन आयाम दिएको हो। "कम्प्युटरको पछाडि एक खास दिक् रहेको हुन्छ। जसको रचना कम्प्युटर सञ्जाल र त्यसका मात्रिका (म्याट्रिक्स) को संयोजनबाट भएको हुन्छ। यस्तो दिक्ले त्यतिबेला सार्थकता पाउँछ जब मानवले आफ्नो स्नायु प्रणालीलाई त्यसमा जोडेर सञ्जालसँग समरूपीय व्यवहार प्रस्तुत गर्न सक्तछ" (गिलिज, सन् २००७, पृ. २०५)। यस्तो अवस्थामा मात्रिका (म्याट्रिक्स) र मानव मस्तिष्कका बिचको समन्वयात्मक अवस्था निर्माण हुन्छ। यस्तो प्रविधि सञ्जाल र मानव मस्तिष्कका बिचको समन्वयात्मक व्यवहार वा बिन्दु नै उत्तरमानव हो।

समग्रमा प्रविधि सञ्जालको पद्धति र प्रणालीमा प्रवेश गरेको तथा मानवीय शरीररचना प्रणालीमा समन्वयात्मक रूपले निर्भर भएको अवस्था नै उत्तरमानव हो। यस अवस्थामा प्रकृतिका जैविक मानव र निर्मित यान्त्रमानवका बिचका परम्परागत सीमा मेटिएर भ्रामक अवस्था निर्माण भएको हुन्छ।

## निष्कर्ष

इन्टरनेट सञ्जालमा जोडिएर आएको जगत् परोक्ष (उत्कट) संसार हो। कम्प्युटरको स्क्रिनपछाडि सञ्चित भएको यस्तो संसारमा आज विश्वका मानव र तिनका यावत् गतिविधि सुरक्षित छन्। भौगोलिक दिक्का सीमा सङ्कुचन भएर सीमाहीन अवस्थामा परोक्ष संसारले मानवलाई जोडेको छ। इथरका आधारमा प्रकाशको फैलावट र विस्तारको अध्ययन गरी इन्टरनेटको आविष्कारकले अत्यन्त तरल, भ्रममय, मायावी सञ्चरणको परिकल्पना गरे। यसैलाई कम्प्युटरको नियन्त्रण र सन्तुलनको पद्धति प्रयोग गरी साइबर संस्कृति तयार गरिएको देखिन्छ। नेपाली साइबरविषयक समालोचनाको अवस्था र गति निकै सीमित छ। विज्ञानविषयक आख्यान र अन्य सिर्जनाको विश्लेषणका सन्दर्भमा साइबरविषयक समालोचनाको प्रवेश र विस्तार भएको देखिन्छ। यस क्रममा आंशिक साइबरविषयक र पूर्ण सैद्धान्तिक साइबरविषयक समालोचना प्राप्त छन्। साइबरविषयक सैद्धान्तिक समालोचनामा मुख्यतः गोविन्दराज भट्टराई र मोहनराज शर्मा अग्रणी छन्। साइबरविषयक आख्यान र तिनमा प्रयोग गरिएका भावी संसारको परिकल्पना तथा सम्भावनाको सत्याभासका आधारमा यस्ता सैद्धान्तिक समालोचना तयार भएको देखिन्छ। इन्टरनेट सञ्जालमा देखिएका भ्रममय यथार्थ र त्यसको अनुभवलाई आख्यानलगायतका सिर्जनमा कलात्मक स्वरूप दिने सन्दर्भले यसको सैद्धान्तिक प्रारूप पनि निर्माण गरेको हो। साइबरपङ्क, अधिपाठ, कृत्रिम बुद्धिमत्ता र उत्तरमानव जस्ता पक्षमा आजको साइबर आख्यान केन्द्रित छ। कम्प्युटरको स्क्रिनमा देखिएका र भ्रममय लाग्ने मानवलगायतका प्राणीका प्रतिरूप साइबरपङ्क हुन्। जीवजन्तु, वनस्पति तथा विविध पर्यावरणीय प्रतिरूप साइबरपङ्कका तहमा देखिन्छन्। कम्प्युटरमा देखिएका

सङ्केत पद्धति र तिनको नानुक्रमिक स्वरूप अधिपाठ हो। विद्युतीय तरङ्ग प्रणालीमा परिबद्ध, बहुविकल्पसहितको अवस्था, सञ्चरण र भण्डारणको असीमित सम्भावनाका पक्षबाट अधिपाठको स्वरूप तयार गरिएको हुन्छ। साइबर संस्कृतिलाई प्रसारणको तहमा समेटेर प्रस्तुत गर्ने यही अधिपाठीय प्रणालीका कारण नै हिजोको ठुला सञ्चार (ब्रोडकास्टिङ) आज सूक्ष्म सञ्चार ( न्यारोकास्टिङ) मा परिणत भएको हो। प्रविधि संस्कृतिका कारण मानवका परम्परागत रुचि र ज्ञानका क्षेत्र परिवर्तित भई उत्तरमानवमा परिणत भएको छ। कम्प्युटर प्रणालीमा प्रयोग गरिएका मात्रिका र मानवीय मस्तिष्कका संवेगका बिचको समरूपीय सम्बन्ध कायम भएपछि मात्र अबको साइबर संस्कृतिमा परम्परागत उदारमानवको उपस्थिति र शक्यता सम्भव हुने देखिन्छ। समग्रमा परोक्ष संसारमा प्रवेश गरी भौतिक दिक्का विविधता सङ्कुचन भएको तथा मानवका कार्यशैलीगत विकास प्रविधिमैत्री बन्दै गएको अवस्था नै साइबर संस्कृति हो।

**सन्दर्भ सामग्रीसूची**


अधिकारी, ज्ञानु (सम्पा.) (२०७६). *आख्यान विमर्श.* नेपाल प्रज्ञा-प्रतिष्ठान।

अधिकारी, ज्ञानु (२०७४). *साइबर सिद्धान्त. प्रयोग र अन्य समालोचना.* साझा प्रकशन।

अब्राम्स, एम्.एच र हार्फम, जोफ्री गाल्ट (सन् २०१५). *अ ग्लोसरी अफ लिटरेरी ट्र्म्स.* (एघारौं संस्क.). सिङ्गेज लर्निङ।

आइन्स्टाइन, अलबर्ट र एन्फेल्ड, लियोपोल्ड (२०७५). *भौतिक विज्ञानको विकासक्रम.* सुनार, रमेश र गिरी, नारायण (अनु.). प्रगति पुस्तक सदन।

एटम, नेत्र (२०६७). *नेपाली डायस्पोरा र अन्य समालोचना.* एकता बुक्स डिस्टिब्युटर्स प्रा. लि.।

एटम, नेत्र (२०७०). *अन्तर्विषयक नेपाली समालोचना.* एकता बुक डिस्टिब्युटर्स प्रा.लि.।

कोइराला, कुमारप्रसाद (२०६८). *आख्यान विमर्श, सिद्धान्त र समालोचना.* ओरियन्टल पब्लिकेसन।

गिलिज, स्टेसी (सन् २००७). 'साइबरक्रिटिसिजम', वुलफेइज, जुलियन (सम्पा.). *इन्ट्रोड्युसिङ क्रिटिसिजम एट द ट्वान्टी फ्रस्ट सेन्चुरी.* रावत पब्लिकेसन।

चालिसे, विजय (२०७१). *विज्ञानको कैदी.* ऐरावती प्रकाशन प्रा.लि.।

चौलागाईं, टंक (२०६८). *जिरो कटेज.* कखरा किताब।

ज्ञवाली, रामप्रसाद (२०७१). 'साहित्यकार विजय चालिसे र विज्ञानको कैदी'. चालिसे, विजय, *विज्ञानको कैदी.* ऐरावती प्रकाशन प्रा.लि.।

पोखरेल, सुनिल (सम्पा.) (२०७०). *नेपाली विज्ञानकथासङ्ग्रह.* साझा प्रकाशन।

बुलफ्रेइज, जुलियन (सम्पा.) (सन् २००७). *इन्ट्रोड्युसिङ क्रिटिसिजम एट द ट्वान्टी फ्रस्ट सेन्चुरी.* रावत पब्लिकेसन।

भट्टराई, गोविन्दराज (२०६४). *उत्तरआधुनिक विमर्श.* मोर्डन बुक्स हाउस।

शर्मा, मोहनराज (२०६८). 'साइबरउपन्यास : साइबरसमालोचना', चौलागाईं, टंक. *जिरो कटेज.* कखरा किताब।

शर्मा, मोहनराज (२०७८). *समालोचनाका नयाँ कोण.* ओरियन्टल प्रब्लिकेसन हाउस।